“कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार”

# नमोबुद्ध नगरपालिका

𑐣𑐩𑑀𑐧𑐸𑐡𑑂𑐢 𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८३/०८४ | मितिः २०८३/०६/०८

चलानी नं. ४५१ | ने. स. ११४६

श्री सामुदायिक तथा संस्थागत विद्यालय, सबै
नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक ।

**विषय : विद्यालय बन्द गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा मौसम विज्ञान विभागको पूर्वानुमान र नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०८३/०६/०७ गतेको परिपत्र अनुसार यही २०८३ असोज ९, १० र ११ गते नेपालका विभिन्न स्थानमा भारी वर्षा हुने सम्भावनाका कारण उत्पन्न हुन सक्ने जोखिमबाट विद्यार्थी शिक्षक तथा कर्मचारीहरु सुरक्षित रहनका लागि नगरस्तरीय विपद व्यवस्थापन समितिको मिति २०८३/०६/०८ गते बिहान ८ : ३० बजेको निर्णय बमोजिम यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत सबै विद्यालयहरु मिति २०८३/०६/०८ र ०९ गतेका लागि बन्द गर्ने निर्णय भएको हुँदा सोही अनुसार गर्नु/गराउनुहुन अनुरोध छ । साथै विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा देहाय बमोजिमको कार्य गर्नु/गराउनु हुन समेत अनुरोध छ ।

<u>तपसिल</u>

- सुरक्षित विद्यालय भवनलाई अस्थायी आश्रयस्थलका रुपमा प्रयोग गर्नु पर्ने अवस्थामा प्रयोग गर्ने/गराउने ।
- विद्यार्थी तथा अभिभावकहरुलाई बालबालिकालाई नदी, खोला, पोखरी तथा पहिरोको जोखिम भएका स्थानमा जान नदिन सूचना तथा जानकारी सम्प्रेषण गर्ने/गराउने ।
- सम्पूर्ण प्रअ, शिक्षक तथा विद्यालय कर्मचारीहरु विपदको समयमा आवश्यकतानुसार विपद प्रतिकार्यमा सुरक्षा निकाय र स्थानीय तहसँग समन्वय गरी स्वत: परिचालित भइ आवश्यकता अनुसार सहयोग र सहजीकरण गर्ने ।

...............................
(राम बहादुर तामाङ)
शाखा अधिकृत (आठौं)

<u>बोधार्थ :</u>

श्री शिक्षा विभाग सानोठिमी, भक्तपुर।
शिक्षा विकास तथा समन्वय इकाई धुलिखेल, काभ्रेपलाञ्चोक ।